# २०१६ सालमै गुडेको थियो सुनसरीमा रेल

**बाबुराम कार्की**

**सुनसरी।** तीन दशकअघि नै सुनसरीमा रेल सञ्चालनमा आइसकेको थियो। युवा जमातले कहानी मान्लान्, तर यो वास्तविकता हो।

नेपालका ४१ औं प्रधानमन्त्री खड्गप्रसाद ओलीले रेल नेपालमा सञ्चालन गर्ने सपना जनतालाई बाँड्नुभन्दा अघि नै सुनसरीमा रेल गुडीसकेको थियो। वि.सं. २०१६ सालदेखि २०४० सालसम्म धरानको रेलवेदेखि भीमनगरसम्म रेल चलेको थियो। २०११ सालमा नेपाल भारत बिच कोशी सम्झौता भएपछि ढुङ्गा ओसार्न ढुङ्गे रेल सञ्चालनमा आएको थियो। भीमनगरदेखि धरान कोशी पूर्वी तटबन्धको काछ्मा बनाइएको लिकबाट ४७ किलोमिटरको दूरीमा रेल कुदेको बताइएको छ।

### कोशी क्षेत्रमा रेलको इतिहास

वि. सं. २०११ साल बैशाख १२ गते (२५ अप्रिल सन् १९५४) मा नेपाल र भारत सरकारका बिच भएको कोशी सम्झौतापछि वि.सं. २०१६ सालदेखि रेल सञ्चालनमा आएको थियो। उक्त ढुङ्गे रेल सुनसरी र सप्तरीको सीमानामा पर्ने भीमनगरदेखि धरानको रेलवे लाइनसम्म र चक्रघट्टीदेखि चतरासम्म चल्थ्यो। धरानको फुस्रेका पहाडहरुबाट घिर्लिङ्ग (रोपवे) को सहायताले ल्याइएका ढुङ्गाहरुलाई रेलवे चोकबाट रेलमा कामदारहरुले ढुङ्गा लोड गर्थे। दैनिक रेलले ढुङ्गा ओसार्ने काम गर्थ्यो। ओसारिएका ढुङ्गाहरु सम्झौताअनुसार ब्यारेज पुल बनाउन भिमनगर ल्याइन्थ्यो। भिमनगरबाट छुट्ने ढुङ्गे रेलको कुशाह, मधुवन, राजाबास, चक्रघट्टी, चतरा, बाङ्गे ,घोपा क्याम्पमा स्टेसन रहेको थियो। भिमनगरबाट खाली जाने रेल घोपा र चतराबाट भरी ढुङ्गा बोकेर फर्किन्थ्यो।

### ढुङ्गेरेल माथि स्थानीयको अनुभव

जतिखेर कोशी आसपास क्षेत्रमा बसोबास गर्ने स्थानीयहरुले इन्जिन गाडि देखेका थिएनन्, त्यसअघि नै उनीहरुले ढुङ्गे रेलमा चढेर रेलको अनुभव लिइसकेका थिए।

वि. सं. २०१९ सालमा चतरा आएर बसोबास गरेका प्रल्हाद थापाले बसभन्दा पहिला रेल चढेका थिए। चतरादेखि भीमनगरसम्म रेलमै चढेर धेरैपटक आवतजावत गरेको उनले बताए। भने, 'रेलमा चढ्न भनेर भात पानी नै माया मारेर कुदिन्थ्यो।' हाल बराहक्षेत्र नगरपालिका दुईमा बसोबास गर्ने युवराज भट्टराईको पनि पचास पटक रेलमाथि चढेको अनुभव सुनाउँछन्। 'चेप्टा ढुङ्गामाथि बसेर आफ्ना दौतरी साथीहरुसँग भीमनगरसम्म पुग्ने गरेका थियौं,' उनले भने, 'रेलका डब्बा भरी टनाटन ढुङ्गा र ती ढुङ्गामाथि मान्छे हुन्थे।' ढुङ्गै माथि भएपनि छुक छुक गर्दै चल्ने रेलमा गरेको यात्रा अविस्मरणीय रहेको उनको प्रतिक्रिया छ।

२०२८ सालमा २८ वर्षको उमेरमा प्रकाशपुर आएका हुमरजंग बस्नेतले प्रकाशपुर क्षेत्रमै धान कुटानी पिसानी मिल राखेका थिए। उनीसँग पनि रेल चढेको अनुभव छ। रेल चढ्न मिल नै बन्द गरेर जाने गरेको बताउँदै उनले भने, 'म मात्रै हैन गाउँका सबै मानिस रेल चढ्न भनेपछि हुरुक्क हुन्थे।' 'प्रकाशपुरका सरोज बराल रेल चढ्दा ८ वर्षका थिए। रेल के ले अनि कसरी चल्छ भनेर उनलाई औधी कौतुहलता थियो। त्यसैले पनि त्यो छुक छुक गर्दै गुड्ने रेलको सम्झना उनलाई ताजै छ। सानैदेखि रेल आवत जावत गरेको देखे पनि उनले रेलमा भने वि.सं. २०३२ सालमा घोपादेखि राजाबाससम्मको यात्रा गरे। दोस्रो पटक चतराबाट राजावाससम्म रेल चढे।

रेलको लिकबाट उनको घर पाँच मिनेट समय लाग्ने दुरीमा थियो। स्कुलबाट फर्केपछि कान थापेर रेल आउँदै गरेको वा नगरेको सुन्ने अनि आउँदै गरेको रहेछ भने कुदेर रेल भए ठाउँमा जाने गर्थे। 'गुड्दै गरेको रेलमा चढ्ने र ओर्लने पनि गरियो तर त्यही क्रममा एउटा केटोको रेलले खुट्टा काट्यो,' उनले सम्झे, 'उपचार गर्न लाने क्रममै उसको मृत्यु भएपछि भने डरैले गुड्दै गरेको रेलमा चढ्ने, ओर्लने काम बन्द भयो।'

**धुवाँ फाल्दै छुकछुक गर्दै आउने रेललाई सम्झरे कसैले यस्तो गीत बनाएको थियो**



### यस्तो थियो रेल

कोशी सम्झौता भएपछि सञ्चालनमा आएको ढुङ्गेरेल कोइला र पानीबाट चल्थ्यो। दश डब्बाभन्दा बढि डब्बाहरुबाट ढुङ्गा ओसार्ने गरेको प्रकाशपुर ढोलबजियाका भिखन चौधरी बताउँछन्।उक्त रेलमा एउटा ड्राइभर, रातो र हरियो झण्डा बोक्ने एकरएक जना कर्मचारी हुन्थे। २०४० सालसम्म रेल चलेको चौधरीले बताए। स्टेसनमा रोकेपछि आवश्यक पानी र कोइला हालिन्थ्यो। २०१६ सालबाट चलेको रेल २०४० सालमा आएर बन्द भयो। नेपाल सरकार र भारत सरकार बिच भएको सम्झौता अनुसार कोशी ब्यारेज पुल निर्माण गर्न आवश्यक ढुङ्गा, गिट्टी ढुवानी गर्न चल्ने गरेको थियो।

### कहाँ गए त लिक र डब्बाहरु ?

२०४० सालमा ढुङ्गेरेल बन्द भएपछि रेलका डब्बा र लिकहरु चोरी भए। अहिले रेल कहाँबाट कुदेको थियो भन्नेसम्म अनुमान लगाउन सकिदैन। नया पुस्ताका लागि रेल चलेको कुरा कहानी जस्तै बनेको छ। भीमनगरदेखि धरान रेल्वेसम्म र चक्रघट्टीदेखि चतरासम्मको स्थानमा रेल कुदेको कुनै पनि भग्नावशेष देख्न पाइदैन। गाडी नै नदेखि रेल देखेका तत्कालिन स्थानीयहरुले रेलको कुरा गर्दा गाडी देखेरै हुर्किएकाहरुका लागि कहानी सरह हुन्छ। भारतले १ सय ९९ वर्षका लागि नेपालसँग कोशी सम्झौता गरेको थियो।

### लिकमाथि बाढी पीडित

कोशी योजनाअन्तर्गत कोशी ब्यारेज र पुर्वी पश्चिम तटबन्धहरु निर्माण नभईकनै बाँझो रहेको कोशी क्षेत्रको टापुमा पहाडदेखि तराई बसाई सर्नेहरुको पहिलो रोजाई नै बन्ने गर्थ्यो। टापु क्षेत्रमा रहेको बाँझो जमिनमा मानव वस्ती थियो। कोशी ब्यारेज पुल बनेपछि डुबान र कटानमा परेका ८ हजार ६ सय बिगाहमा बसोबास गर्ने पाँच हजार घरपरिवारहरुले अहिलेसम्म क्षतिपुर्ति पाएका छैनन्। अहिले पनि सयौं परिवारहरु रेल कुद्ने लिक भएको स्थानमै आश्रय लिएर बसिरहेका छन्। सप्तकोशी बाढिपीडित डुबान कटान संघर्ष समितिका उपाध्यक्ष लालबहादुर लिम्बु भन्छन् क्षतिपुर्ति सहित मूआब्जा दिए पिडितहरुले रेल कुद्ने बाटो छोड्ने बताउँछन्।

### मिनिरेलको सम्भावना

बरारक्षेत्र नगरपालिकाकी उपप्रमूख कमला मगर मिनि रेल चलाउन सकिने सम्भावना देखाउँछिन्। भन्छिन् 'मिनिरेल चलाउन सके आन्तरिक र बाह्य पर्यटकहरु कोशीटप्पु वन्यजन्तु आरक्ष, बराहक्षेत्र र रामधुनि मन्दिर पर्यटक आउने आकर्षक वातावरण हुन्थ्यो।' सप्तकोशी नदीलाई लक्षित गरेर साना खालका रेल संचालन गर्न सके सर्वसाधारण जनताको आर्थिक अवस्था माथि उठ्ने उनले विचार व्यक्त गरिन्।

*श्रोत : न्युजलय*






# बाह्य लगानी भित्र्याउन इलाममा सम्मेलन

**औजार संवाददाता**

**इलाम (रासस)।** जिल्लामा पर्याप्त सम्भावना बोकेका क्षेत्र भए पनि लगानी गर्न नसकेको भन्दै इलाम नगरपालिकाले यी क्षेत्रको प्रचारप्रसार र प्रवर्द्धन गर्न लगानी सम्मेलन गर्ने भएको छ।

बाह्य लगानी कम भएको भन्दै नगरपालिकाले नगरपालिकाभित्रका पाँच क्षेत्रमा आउँदो कात्तिक २५ गते 'लगानी सम्मेलन' गर्ने भएको हो। नगरका कृषिजन्य उद्योग, पर्यटन, उच्च शिक्षा, स्वास्थ्य क्षेत्र र जडीबुटी उद्योग शीर्षक राखेर गरिने सो सम्मेलनमा प्रधानमन्त्री, अर्थमन्त्री लगायतका अन्य मन्त्रीसहित निजी क्षेत्रका अन्य लगानीकर्ताको उपस्थिति रहने जानकारी गराइएको छ।

इलाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष आनन्द कट्टेल जिल्लामा लगानी गर्न लगानीकर्तालाई आह्वान गर्न लागिएको बताउनुहुन्छ। सम्मेलनमा लगानीकर्तालाई लगानी गर्ने क्षेत्रबारे जानकारी गराइनेछ।

सम्मेलनमा विशेषगरी ठूला लगानीकर्तालाई निमन्त्रणा गर्ने योजना छ, नगरपालिकाका प्रशासकीय अधिकृत रामकुमार शाहले भन्नुभयो। लगानी आकर्षण गर्न नगरले लगानी प्रवर्द्धन नीति र घरेलु उद्योग प्रवर्द्धन नीति बनाउने निर्णय गरेको छ।

गुणस्तर चिन्ह प्राप्त गर्न सहयोग गर्ने, विज्ञ सहितको परामर्श सुविधा उपलब्ध गराउने, इलाम नगरपालिकामा दर्ता भएका उद्योगमा कार्यरत मजदूरको आपतकालीन सहयोगको लागि मजदूर कल्याण कोषको स्थापना गर्ने, उद्योग भवनको नक्सा पासमा ५० प्रतिशत राजश्व छुट गर्ने, सम्पत्ति कर र मालपोत करमा पाँच वर्षसम्म ५० प्रतिशत छुट गर्ने, जग्गा अधिग्रहणमा सहयोग गर्नेलगायत कुरा सो नीतिमा उल्लेख छ।


## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर
१ नं. प्रदेश, नेपाल

**बिद्युत सामग्रीको दररेट माग सम्बन्धी**

प्रकाशित मितिः- २०७५/०७/१२

यस गाउँपालिकालाई देहायानुसारको बिद्युत सामग्रीहरु आवश्यकता रहेकोले ईच्छुक उत्पादक कम्पनी/फर्म, सप्लायर्स आदी बाट उक्त सामान (प्रति पिस/प्रति मिटर) के कति दररेटमा उपलब्ध गराउन सकिन्छ यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र खामबन्दी पत्र यस कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध छ।

तपसिल

| क्र.सं. | सामानको नाम | मापदण्ड | ईकाई |
|---|---|---|---|
| १ | फलामको विद्युत पोल | Steel Tubular Electric Pole with nut bolt Total height 8 m, 2 fold, half GI Total weight: 105 kg | Per Piece |
| २ | बिद्युत तार | ascr conductor 0.3 weasel | Per Meter |

नोटः NEAको स्वीकृत मापदण्ड भित्र रहेको सामान मात्र बाह्य हुनेछ र सामानको मुल्याङ्कन गरिदा सो को स्पेसिफिकेशन तथा सुनिश्चतता अवधिलाई समेत मध्यनजर गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत



## पूर्वाञ्चलमै पहिलो पटक प्लाष्टिक सर्जरी सेवा धरानमा

**टिचिङ हस्पिटल महाराजगंजका वरिष्ठ प्लाष्टिक सर्जन डा.संगम रायमाझी तथा जनरल सर्जन डा. रोशन खतिवडाद्वारा पूर्वाञ्चलमै पहिलोपटक विजयपुर हस्पिटल प्रा.लि. धरानमा प्लाष्टिक सर्जरी सेवा सुरुवात भएको सहर्ष जानकारी गराउदछौं ।**

हाम्रा सेवाहरुः

◆ आँखा, नाक, कान, ओठ, निधार लगायतका अंगहरूलाई आवश्यकता अनुसार प्लाष्टिक सर्जरी गरी आकर्षक तथा सुन्दर बनाउने । ◆ गालामा डिम्पल बनाउने तथा गालालाई आकर्षक बनाउने । ◆ निधार तथा आँखामा रहेको चाउरीपनालाई हटाइ आकर्षक बनाइने । ◆ महिलाको स्तनलाई (Silicon Implant) को प्रयोग गरी आवश्यकता अनुसार टाइट, सानो, ठूलो बनाई आकर्षक देखाइने । ◆ पुराना खत, मिलिया, दाग आदी हटाउने । ◆ योनीलाई कसिलो तथा आकर्षक बनाइने (Vaginoplasty, Libioplasty

(सीमित व्यक्तिहरूको मात्र परीक्षण गरिने भएकोले अग्रिम नाम दर्ता गरी सेवा लिनुहुन अनुरोध छ ।)

**विजयपुर हस्पिटल प्रा.लि. धरान-१० पुतलीलाइन**

(सम्पर्कः ९८६२१६४२३३ प्लाष्टिक सर्जरी सेवाको लागी मात्र) e-mail: bijayapurhospital@gmail .com














फोनः ०२५-५३१०६३

**मेषः** जोश, जाँगर र पराक्रम बढ्नेछ। आँटे ताकेको पुग्ने आफन्त तथा साथीभाईबाट सहयोग मिल्नेछ।

**वृषः** समयले सामान्य मात्र साथ दिनेछ। आम्दानीसँगै खर्च पनि बढ्नेछ। आफन्तसँग भेटघाट हुनेछ।

**मिथुनः** तपाईको राशीमा नै चन्द्रमा बसेकाले गर्न थालेका कामहरु सजिलै पुरा हुनेछन्। व्यापार व्यसाय बढ्ने र आफन्तहरुले साथ दिनेछन्।

**कर्कटः** खर्च स्थानका चन्द्रमाले आयभन्दा खर्च धेरै गराउनेछन्। आफन्तबाट धोका, शत्रु सक्रिय र मानसिक अशान्ति बढ्नेछ।

**सिंहः** धनलक्ष्मी योग परेकाले नसोचेको आम्दानी, व्यापार-व्यसाय र रोजगारबाट निकै फाईदा हुनेछ। आफन्तजनहरुले साथ दिनेछन्।

**कन्याः** धनमान तथा पुरस्कार प्राप्ति हुने दिन छ। विरोधीहरुले पनि प्रशंसा गर्नेछन् र रोजगार तथा यात्राबाट लाभ मिल्नेछ।

**तुलाः** धर्म, कर्म र अरुलाई उपकार गर्न मन लाग्नेछ। सरकारी तथा कार्यालयको काम बन्ने, धनलाभ र भाग्यले निकै साथ दिनेछ।

**वृश्चिकः** दुर्घटना, चोटपटक र स्वास्थ्य खराब हुने दिन भएकाले विवाद र टाढाको यात्रा नगर्नु नै वेस हुनेछ।

**धनुः** महत्वपूर्ण काम गर्नलाई आज निकै वेस हुनेछ। धनसम्पत्ति र व्यापार, व्यवसाय बढ्नेछ। आफन्तसँग भेटघाट पनि हुनेछ।

**मकरः** विचार नपुऱ्याएमा काम विग्रनेछ खर्च बढेपनि आम्दानी भने घट्ने छैन।

**कुम्भः** विद्या, वुद्धि र राम्रा विचारहरु बढ्नेछन्। आम्दानी, व्यवासायमा वृद्धि, सन्तान र प्रियजनले साथ दिनेछन्।

**मीनः** समय खराब छ। आफन्त र विश्वास पात्रले नै धोका र षडयन्त्र गर्न खोज्नेछन्। स्वास्थ्य खराब र मानसिक अशान्ति बढ्नेछन्।